# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


डोर मुकाम कपिलवस्तु
पत्र संख्याः मिति: २०७७।७८
च.नं.९

मिति: २०७७।१२।२०

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
विजयनगर गाउपालिकाको कार्यालय,
विजयनगर कपिलवस्तु ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सो सँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७।१२।१९ मा छलफल पश्चात् तयार गरिएको पाना ३५ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा लुम्बिनी प्रदेशको प्रदेश आर्थिक कार्यविधि २०७४ को दफा ३५(१ अनुसार ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(श्रीधर प्रसाद पन्त)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा इकाइ,
कपिलवस्तु - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
कपिलवस्तु - प्रतिवेदन संलग्न छ ।

## आर्थिक कारोबारको स्थिती

कार्यालय र स्थानः
विजयनगर गाउपालिका
विजयनगर, कपिलवस्तु

आर्थिक वर्षः २०७६।७७

| | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| प्रमुख प्रशासकीय अधिकृत | रविन्द्र प्रसाद चौधरी | २०७६।४।१ | २०७६।०७।१४ | ५२६७३४५८।३८ |
| प्रमुख प्रशासकीय अधिकृत | गोविन्द भट्टराइ | २०७६।०७।१५ | २०७७।३।३१ | |
| लेखा अधिकृत | खिम वहादुर सुवेदी | २०७६।४।१ | २०७७।३।३१ | |

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | सि.नं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | २१३५८४१८७.५ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १५५८९०९६५ |
| | ख) बैंक | १०३२०५०७ | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १४७७७३७३ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | १८८६००१५ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | लगानी | |
| ३ | वित्तीय हस्तान्तरण | | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | ११८४००००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १६९२२२९३० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | धरौटी फिर्ता | ३०२३०७२ |
| | घ) विशेष अनुदान | ० | ६ | कोष खर्च | १८८७०५६२ |
| | ङ)राजश्व बाडफाड | ६८६५८६६८.६६ | ७ | अन्तर सरकारी | ८९०७२४०१ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | मौज्दात | |
| | क) वित्तीय समानीकरण अनुदान | ४५५९०००.०० | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | ९०००००.०० | | ख) बैंक मौज्दात | |

| | | | | |
|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | १२१०८०००.०० | चालु खर्च | |
| | घ) विशेष अनुदान | ११५२००००.०० | पूजिगत खर्च | |
| | ङ) कोभिड विशेष | १८८९५०९७ | | |
| | च)राजश्व बाडफाड | ५०४५००४.५६ | | |
| ५ | अन्तर सरकारी | ८९०७२४०१ | संचित कोष | ६८५६७३०५.५ |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | मर्मत सम्भार कोष | ० |
| | क) ऋण प्राप्ति | | विपद व्यवस्थापन | -७५९.६८ |
| | ख) साँवा प्राप्ति | | कर्मचारी कल्याण कोष | |
| | ग) ब्याज प्राप्ति | | धरौटी | ६८९२१३६ |
| | घ) अन्य प्राप्ति | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | |
| ८ | जनसहभागिता (नगद) | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | |
| १० | धरौटी आय | ५४८६१६७.०० | | |
| ११ | लगानीको साँवा फिर्ता | | | |
| १२ | अन्य विविध आय | | | |
| | जम्मा | ५५५९२५१६४.३५ | जम्मा | ५५५८९९८६९.३५ |

आ.व. २०७६।७७

कार्यालयको नाम: विजयनगर गाउँपालिका ,कपिलवस्तु

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १७३.१९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६९३७ जनसंख्या रहेको छ । | |
| | लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।१२।१९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु २५२९५।००ले फरक देखिएको छ ।कर रकम दोहोरो दाखिला भएकोले उक्त फरक देखिएको पालिकाले जनाएको छ ।<br>• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहको पेश्की यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १०३२०५०७।४० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा पनि सोही रकम जिम्मेवार सारेको देखीयो । जिम्मेवारी सारेको रकम फरक छैन । | |

| | | |
|---|---|---|
| ३. | **बैंक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | प्रकोप व्यवस्थापन कोष | २४५३५।३२ | (७५९।६८) | २५२९५ |
| | चालु खर्च खाता | ० | ० | ० |
| | पूजीगत खर्च खाता | ० | ० | ० |
| | जम्मा | | | २५२९५ |

४. **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नु पर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु शून्य पुजीगत खर्च खातामा रु शून्य र विभाज्य कोषमा रु शून्य समेत गरी रु शून्य मौज्दात राखेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी

भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

- अधिकांश सडक तथा कुलो /नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।यस पालिकाका कति पय गोश्रवारा भौचरहरु सिलसिलेवार नरहेको र अगाडीको मितिमा तयार गरेको समेत देखिएकोले सो मा सुधार हुनुपर्दछ ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त योजना तयार गरेको देखीएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्रीको मूल्य , ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३३ जनाको दरबन्दी रहेकोमा १७ दरबन्दी रिक्त रहेको पाईयो ।

| | | |
|---|---|---|
| | • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानि गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारीतका लागी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी पठाएकोमा उक्त कार्यालय द्वारा पारीत भइ नआइएकोले तलवी प्रतिवेदन पारीत वेगर पालिकाले यस वर्ष उक्त शिर्षकमा १५४२३२१७।९० खर्च लेखेको पाइयो ।<br>• पालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>• पालिकाले आफ्नो सवै आर्थिक कारोवार समावेश हुने गरी एकीकृत वार्षिक आय व्ययको विवरण तयार गर्नु पर्नेमा उक्त विवरण तयार गरेको नपाइएकोले पालिकाको यथार्थ आय व्ययको एकिन गर्न सकीएन ।<br>• पालिका दारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वयन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन ।<br>• पालिका द्वारा इन्धन खर्चमा यस वर्ष रु २४९६९७१।०० र मेशिनरी औजार मर्मत मा रु १८६६०५९।०० खर्च लेखेको छ । इन्धन खर्चको प्रयोजन देखिने गरि लगवुक राखेको देखिएन र मर्मत अभिलेख खाता समेत राखेको नदेखीएकोले उक्त अभिलेख राखी खर्च लाइ मितव्ययी र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |

| | | |
|---|---|---|
| ६. | **बजेट पेश , पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका प्रमुखले २०७७।३ ।१० मा रु. ५३ करोड ८२ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३ ।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **अवण्डा वजेट :**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा वमोजिम स्थानिय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा राखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्ययवस्था छ । यस स्थानिय तहले यो वर्षको शुरु वजेट विनियोजनमा रु ५ करोड ८० लाख अवण्डा बजेट राखेकोमा पुन गाउसभा द्रारा सम्सोधन गरी रु १० लाख अवण्डा राखेको छ । उक्त अवण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णय वाट खर्च गरेको छ । वजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयवाट खर्च गर्ने गर्दा वजेटको सिद्रान्तको पालना नहुने ,जनताको आवश्यकताको र प्राथमिकताको पहिचान नहुने कार्यक्रमको छनौट जथाभावी हुन सक्ने उत्पादनमा वृद्रि हुने कार्यक्रम भन्दा वितरण मुखी कार्यक्रमको छनौट हुन गइ स्रोतको दुरुपयोग समेत हुन सक्ने सम्भावाना रहने हुदा यस्तो प्रक्रियामा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | खर्चको यथार्थ संरचना पालिकाले यस आर्थिक वर्षको लागि रु. ५३ करोड ८२ लाख १३ हजार बजेट पेश गरेको छ । बजेटको संचना अनुसार रु. २१ करोड ३५लाख ८४ हजार चालु खर्च र १५ करोड ५८ लाख ९० हजार भएको आर्थिक विवरण पेश भएको छ । चालु कार्यक्रम तर्फका विषयगत शाखा, कृषि, स्वास्थ्य शिक्षा, महिला विकास र लक्षित वर्गका कार्यक्रम समेत पूजीगत शीषार्कबाट खर्च भएको छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नु पर्नेमा चालु प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकमा समावेश गरेको छ । सुत्रमा प्रविष्टी गर्दा एक मुष्ट रुपमा पूजीगत शीर्षक मा प्रविष्टी भएको कारण चालु र पूँजीगत खर्चको यथार्थ संरचना बजेटले प्रस्तुत गर्न नसकेको कार्यालयको भनाइ रहेको छ । | |

| | | |
|---|---|---|
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **भुक्तानि दिन वाकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नु पर्ने व्यवस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न फर्महरुलाई रु १६३०००००।००भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ११. | **नीति तथा मार्गदर्शनः** पालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असारमा छैठौं गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरु मध्ये कतिपय व्यहोराहरु यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँ सभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरुको कार्यान्यनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरु कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्:<br>• भू-उपयोग नीति बनाई कृषि, खानी, जडिबुटी, व्यापारिक, बस्ती आदी क्षेत्रको बर्गिकरण गरी भूमिको बैज्ञानिक व्यवस्थापन गर्ने,<br>• सार्वजिनक जग्गाको एकिन गरी छुट्टाईने,<br>• सार्वजनिक स्थानको अभिलेखिकरण र संरक्षण गर्ने,<br>• कृषि उत्पादन बृद्धिको लागि प्रत्येक वडामा नै माटो परीक्षण गर्ने<br>• पर्यटन प्रवद्र्धन तथा विकासको लागि पर्यटन गुरुयोजना निर्माण गर्ने,<br>• पालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी विकासमा जोड दिने,<br>• Eco-Tourism को अवधारणालाई आत्मसात् गर्दै पर्यावरण हराभरा बनाउँदै भू-क्षय तथा जथाभावी माटो खन्ने तथा ओसारपसार माथि नियमन गर्ने<br>• पालिका भित्र कम्तिमा एउटा प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गर्ने,<br>• -महिनाको एक दिन श्रम-को अवधारणा अनुसार प्रत्येक महिनाको तोकिएको निश्चित दिनमा सबै शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीले सार्वजनिक हित जस्तैः सरसफाई, बृक्षारोपण, निर्माण आदि जस्ता सार्वजनिक कार्यक्रमहरुमा अनिवार्यरुपमा श्रम गर्नुपर्ने नीति अवलम्बन गर्ने,<br>• पालिका भित्रका सम्पूर्ण सरकारी,अर्धसरकारी वा निजी भवनहरुको लागि Color Code लागु गर्ने<br>• समग्र विकासको लागि विज्ञहरुको समूह Think Tank को अवधारणा ल्याउने । | |
| १२. | **योजनाहरू कार्यान्वयन नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. ५३ करोड ८२ लाख १३ हजार बजेट पारित गरेको छ। बजेटमा समावेश भएका कुल १४९ बटा आयोजना मध्ये यस वर्ष ६८ कार्यक्रम हरु कटौती गरि रु १ करोड १९ लाख ४६ हजार प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको पाइयो तर कटौती | |

भएका उक्त कार्यक्रमहरुको विवरण पेश हुन आएन ।

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

१३. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रु हजार

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १५६३६७ | २४२ | १३९७३ | १४१६७६ | १०१५३० |
| प्रतिशत | | ०.१९ | ८.९३ | ९०.६१ | ६४.९३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १५ करोड ६३ लाख ६७ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. २ लाख ४२ हजार अर्थात ०.१९ प्रतिशत, दोश्रो चौमासिकमा रु. १ करोड ३९ लाख ७३ हजार अर्थात ८.९३ प्रतिशत र तेश्रो चौमासिकमा रु.१४ करोड १६ लाख ७६ हजार अर्थात ९०.६१ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र ६४.९३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।यसरी आर्थिक वर्षको अन्तयमा खर्चको चाप वढ्नाले कामको गुणस्तरमा कमी आउने सक्ने , जनताले समयमै सेवा पाउने अवसर वाट वञ्चित हुन सक्ने र आर्थिक अनियमितता समेत हुन सक्ने जोखिम रहने हुदा स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ.

१४. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजार

| मुख्यक्षेत्र | वार्षिकवजेटअनुमानित | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | ३३७८१ | १३२३१ | २.४३ |
| सामाजिकक्षेत्र | १८१८७९ | १७७१०९ | ३२.५७ |
| पूर्वाधारविकासक्षेत्र | २३८४१५ | १३३५७५ | २४.५६ |
| वातावरणतथाविपद्व्यवस्थापन | ० | ० | ० |
| संस्थागतविकासरसेवाप्रवाह | ९०२७ | ६७७२ | १.२४ |
| वित्तीयव्यवस्थापनरसुशासन | ० | ० | ० |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ८०५९० | ५७६५८ | १०.६ |
| जम्मा | ५४३६९३ | ३८८३४६ | ७१.४२ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ३२.५७ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासनमा सबै भन्दा घटी १.२४ प्रतिशत रहेको छ ।

१५. **खर्च विश्लेषणः** गाउपालिकाले गत वर्षको अल्या रु १०३२०५०७।४० र यसबर्षको कुल आन्तरिक आयबाट

रु. १४७७७३७३।४० राजस्व बाँडफाँड र अनुदानबाट ३९३४६८५९८।६६ समेत जम्मा रु ५५५९२५१६४।३५ आम्दानी भएकोमा चालु तर्फ रु. २१३५८४१८७।५ र पूँजिगत तर्फ रु १५५८९०९६५ समेत जम्मा रु ४७७४१८११५।५० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३।०९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ४०६८५००।००।- खर्च भएको छ जुन आन्तरिक आयको ३७।२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४।२८ प्रतिशत चालु र ३९।६१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।गाउपालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष सञ्चालित विभिन्न कार्यक्रमको प्रगति निम्न अनुसार छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २३७ | ६८ | ६ | ३ | १६० |

उल्लेखित विवरण अनुसार कूल २३७ कार्यक्रम मध्ये शून्य प्रतिशत प्रगति भएका ६८ पचास प्रतिशत सम्म ९ लगायत अधिकाश कार्यक्रमको प्रगति न्यून रहेकोले आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रमको छनौट गरी शतप्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१७. **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १३ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा ० दोस्रो चौमासिकमा ८ वटा र तेश्रो चौमासिकमा ५ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी दोस्रो र अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको व्यवस्थाको पालना हुनु पर्दछ ।

१८. **ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राखुपर्दछ ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१९. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना दरबन्दी स्वीकृत रहेकोमा

| | | |
|---|---|---|
| | लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भइ जम्मा १७ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २०. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६५ जना कर्मचारीहरु करारमा राखि तलव शिर्षक वाट खर्च लेखेको मा सो को एकिन विवरण पेश हुन आएन । | |
| २१. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा रकम ट्रान्सफर गरेको देखिएन। उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ | |
| २२. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।<br>(क) स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता वापत रू. ३९२२९७८ खर्च लेखेको कारण आर्थिक व्ययभार बढ्न गएको नियम सम्मत देखिएन ।<br>(ख) जोखिम भत्ता वापत विभिन्न प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु लाइ रू.२१०७३७५ भुक्तानि गर्न वाकी दायीत्व आगामी वर्षका लागि जिम्मेवारी सारेको छ।<br>पालीकाले यस वर्ष गाउँसभा सञ्चालन वापत को खर्च को विवरण पेश हुन आएन । | ३९२२९७८ |
| २३. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २४. | **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | १ | ६ |

२५. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार गाउपालिकाले हाल सम्म ४ वटा ऐन, ४ वटा नियमावली र १४ बटा कार्यबिधि समेत जम्मा २२ वटा कानून निर्माण तथा स्वीकृत गरी राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ७५२ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता मुत्युदर्ता | १७८८ |
| बसाईसराई दर्ता | १०९ |
| विवाह दर्ता | ५५४ |
| सम्बन्धविच्छेद दर्ता | ३ |
| नागरिकता शिफारीस | ११९० |
| **पूर्वाधार विकास सडक निर्माण किमि** | |
| कालोपत्रे सडक निर्माण | १.०८९ |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | १० |
| ग्राभेल सडक मर्मत | २ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२६. **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/७६ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ६ | ३१ | ५३ | ३४ | २५ | १४९ |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख सम्मका जम्मा १४९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर समेत पर्न सक्ने हुदा यस तर्फ ध्यान दिनु पर्दछ । | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| २७. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली, १४ कार्यविधि लगायत २२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २२ वटा कानूनहरु निर्माण गरी सभा / कार्यपालिकाबाट स्वीकृत समेत गराइ राजपत्रमा प्रकाशन गरेको छ । | |
| २८. | **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । नगरपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन ।पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।<br>पालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान, फलफुल विरुवा, मौरीघार लगायतका सामग्री वितरण तथा फलफुल नर्सरी अनुदान लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरुलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा पालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| २९. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ३६ गरी कुल ३७ विवाद दर्ता भएकोमा ३२ वटा फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ३०. | आन्तरीक लेखापरीक्षण स्थानिय तह सचालन ऐन २०७४ को दफा ७७ मा स्थानिय तहले आर्थिक कारोवारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकाको यस वर्ष वहुक्षेत्रिय पोषण सामाजिक सुरक्षा स्थानिय पूर्वाधार विकास साझेदारी र पञ्जिकरण तर्फको आन्तरीक लेखापरीक्षण भएतापनि सो वाहेक अन्य आर्थिक कारोवारको आन्तरीक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिएको वमोजिम आर्थिक कारोवारको आन्तरीक लेखापरीक्षण गराइ आन्तरीक नियन्त्रण प्रणालीलाइ प्रभावकारी वनाउने तर्फ ध्यान | |

दिनुपर्दछ ।

३१. आन्तरिक लेखापरीक्षण शाखा प्रत्येक स्थानिय तहले आफ्नो आन्तरिक कारोवार आन्तरिक जाच एव आर्थिक कार्य प्रणालि प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखाको गठन गर्न सक्ने र उक्त शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भइ वित्तिय जोखिम वढ्ने सभावना रहन्छ । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको नदेखेकीएकोले उक्त शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एव वित्तिय जोखिम न्यूनिकरण तर्फ ध्यान दिनुपर्दछ ।

**पदाधिकारी पारीश्रमिक**

३२. **पदाधिकारी पारीश्रमिक-** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६ श्रावण देखि असोज सम्मको निम्नानुसार रु १४४११४०।०० खर्च लेखेको देखिन्छ ।

साथै उक्त ऐनको दफा १५ मा भएको व्यवस्था वमोजीम उक्त सुविधाहरुको विवरण तिन तिन महिनामा सम्वन्धित स्थानिय तहले सार्वजनिक समेत गर्न पर्ने व्यवस्था रहेकोमा सार्वजनिक गरेको पाइएन ।

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ७ | कार्यपालिका सदस्य ६ | सभाका सदस्य २४ जना | कुल खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २७०००.०० | २००००.०० | २००००.०० | ७०००.०० | १४४११४० |

३३. **बैठक भत्ता–** लुम्विनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोके अनुसार भनि यस वर्ष गाउ सभा , कार्यपालिका र वडा लगायतको बैठक भत्ता वापत रु १५,७७,०५० खर्च लेखेको छ ।

३४. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष देहाय बमोजिम रु ४०६८५००.०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख | उप प्रमुख | वडाअध्यक्ष जना ६ | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| २ | यातायात खर्च | ० | ० | ० | ० | ६२१००० | ६२१००० |
| ३ | टेलिफोन मोवाइल | ० | ० | १८९००० | १६२००० | ५१७५०० | ८६८५०० |
| ४ | पत्रपत्रिका इन्टरनेट | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अतिथि सत्कार | ५४००० | ४५००० | २५२००० | २१६००० | ० | ५६७००० |
| ६ | जनसम्पर्क | ९०००० | ७२००० | ३७८००० | ३२४००० | ६२१००० | १४८५००० |
| ७ | खानेपानी/बिजुली/ | ४५००० | ४५००० | ० | ० | ० | ९०००० |
| ८ | मर्मत संभार | ४५००० | ४५००० | ० | ० | ० | ९०००० |
| ९ | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ७२००० | १६१००० | ३४७००० |
| | जम्मा | २४९००० | २२२००० | ९०३००० | ७७४००० | १९२०५०० | ४०६८५००.०० |

स्थानिय पदाधिकारी तथा सदस्य हरुको सुविधा सम्वन्धी ऐन २०७७ मा व्यवस्था भए अनुसार यस गाउँपालिकाका जनप्रतिनिधी हरुले माथी उल्लेखीत सुविधाहरु कात्तिक महिना देखी लिएको देखीन्छ । तर उक्त ऐन २०७७ असार ८ मा मात्र निर्माण भइ कार्यन्वयनमा आएकोले कानून निर्माण हुनु पूर्व लिएको सुविधा अनियमित देखीन्छ । ४०६८५००.००

| | | |
|---|---|---|
| ३५. | **संचार खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ५ मा पदाधिकारी तथा सदस्यले टेलिफोन र मोवाइल फोन रिचार्ज वापत गाउपालिका अध्यक्षलाई रु ३५००।उपाध्यक्ष वडाध्यक्ष र कार्यपालिका सदस्यलाई जनही रु ३०००। सभाका सदस्यलाई रु २५००। का दरले पाउने व्यवस्था छ । पदाधिकारीहरुले उक्त सुविधा एकमुष्ठ हिसाव गरी भुक्तानी लिने गरेकोमा पुनः गोश्वारा भौचर नं २९७ मिति २०७७।३।३० वाट वडाध्यक्ष लगायत ६ जना पदाधिकारीहरुलाई मोवाइल रिचार्ज खर्च भनी दोहोरो खर्च भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु | १०४००.०० |
| ३६. | **यातायात खर्च** यस गाउँपालिकाका उपाध्यक्षले साविकमा लिएको सवारी साधन मिति २०७७।३।३१ मा मात्र फिर्ता गरेको देखीएकोले यातायात खर्च वापतको रकम रु १०८०००।०० मिति २०७६ कार्तिक महिना देखी नै भुक्तानि लिएको देखीएकोले जम्मा नौ महिनाको दोहोरो यातायात खर्च वापत को रकम असुल हुनुपर्ने रु | १०८०००.०० |
| ३७. | **थप सवारी साधन भाडामा लिएको** गाउपालिकाको नाउमा एक थान चार पाङग्रे सवारी साधन रहेकै अवस्थामा पुन अर्को एक थान गाडी योजनाको अनुगमन निरीक्षण लगायतको प्रयोजन भनी मासिक रु ११०००० चार महिना र रु ९५००० आठ महिना का दरले (इन्धन र चालक खर्च वाहेक) पुरै आ व को लागी भाडामा समेत लिएको उचित देखीएन । | १२००००० |
| ३८. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ४४९८३७८।- खर्च गरेको छ । पालिकाले केन्द्रिय अनुदान वाट प्राप्त वजेट वाट यस शिर्षकमा आवश्यकता भन्दा वढी वजेट विनियोजन र खर्च गरेको देखीएकोले यस्ता खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ३९. | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मास्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १५१३४०४ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेखे कार्यमा नियन्त्रण गर्नु पर्दछ | |
| | **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| ४०. | **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त | |

| | |
|---|---|
| | हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ मिति २०७७।४।७ रू. ३७७६५७८३।८७ र प्रदेश सरकार तर्फ मिति २०७७।४।७ मा रु ८३६९६२१।०० फिर्ता गरेको छ । |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १६९२२२९३०.०० | १३१४५७१४६.१३ | ३७७६५७८३.८७ |
| | | ० | ० | ० |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | | |
| प्रदेश सरकार | शसर्त | ९०००००० | ५०२७७०४ | ३९७२२९६ |
| | विषेश | ११५२०००० | ७१२२६५७ | ४३९७३२५ |
| | समपुरक | १२१०८००० | १२१०८००० | ० |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २०१८५०९३० | १५५७१५५०७.१३ | ४६१३५४०४.८७ |

| | |
|---|---|
| ४१. | **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । |
| ४२. | **नाफामूलक संस्थालाई अनुदान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ ।यस स्थानीय तहले यो वर्ष रेडियो विजयनगर समाजलाइ रेडयो उदघोषण तालिमका लागि रु ३४३५६० अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । |
| ४३. | **वितरणमुखी कार्यक्रम –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस गाउपालिकाको आ व २०७६।७७ को पुँजीगत बजेट शीर्षकबाट विभिन्न पर्व तथा दिवस महोत्सव सचेतना कार्यक्रम सास्कृतिक लगायतका कार्यक्रममा खर्च गरको निम्मानुसार पाइयो । |

**वितरण मुखि कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | खर्च | |
|---|---|---|---|---|
| १ | विपन्न नागरिक उपचार उद्धार सहयोग कार्यकम | आन्तरिक | ७७९४६५।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | डेलिगेशन विशेष मेला उत्सव समारोह चाड पर्व सम्मेलन गाउ सुरक्षा कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | ७२३९५०।०० | | |
| | जम्मा | | १५०३४१५।०० | | |

यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

४४. **बार्षिक खरिद योजना/गुरुयोजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५ करोड ५८ लाख ९० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४५. **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले एक थान एम्वुलेन्स रु १०४१७८७।०० राजश्व वाडफाड शिर्षक वाट खर्च लेखेको छ ।

**कर दस्तुर एवं आन्तरिक आय**

४६. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५ करोड ४२ लाख २० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. १ करोड ११ लाख ६० हजार अर्थात अनुमान भन्दा २०।५८ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४७. आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

रु हजार

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२४८१० | ३५९१२ | ११.०५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.०५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४८. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर वहाल विरौटी शुल्क लगायतका कर तथा शुल्क असुल गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त ऐन अनुसार यस वर्ष उक्त आय शीर्षकमा आय अनुमाननै नगरी असुली गरेको स्थितिले वास्तविक आयको अनुमान र सो अनुसारको प्रगति प्रतिशत एकीन गर्न सकिएन । आय असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

रु हजार

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | ८६३० | ३१०९ | ३६.०२ |
| घर जग्गा बहाल कर | ८० | ८६ | १०७.२९ |
| बहाल बिटौरी कर | १५०० | ० | ० |
| व्यवसाय कर | ० | ० | |
| अन्य दस्तुर | ४४०१० | ७९६५ | |

पालिका आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी सो को आधारमा आयको वास्तविक अनुमान र असुल गर्नु का साथै सवै कर दातालाइ करको दायारामा ल्याउनु पर्दछ ।

४९. **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) ३ थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको छ। तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मा पदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । पालिकाले यस वर्ष उक्त कर वापत रु १८८६००१५।००आम्दानि गरेकोमा विभाज्य कोषमा नपठाइ आफ्नै सञ्चित कोष मा दाखिला गरेको छ । स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

५०. **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण पालिका र वडा कार्यालयमा प्रयोग गरेका रसिद ठेली हरु के कति छपाइ एव प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद ठेलिहरु के कति प्रयोग भए एकिन गर्न सकिएन । । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण खाता राखी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

५१. **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो

जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको पालिकाले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । पालिकाले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ ।

५२. **सवारी कर :** स्थानीय सरकार संचालंन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा सवारी साधन कर असुल गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष उक्त सवारी कर उठाउने गरेको देखीएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५३. **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको छैन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

५४. **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन गरेको देखीएन । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**आयकर एवं मू.अ.कर**

५५. **रितपूर्वकको करबिजक-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको करवीजक लिई खरिद गर्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले रितपूर्कको करवीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीलाइ मु.अ.कर रु २२१७५२।५६ भुक्तानि दिइ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको करबिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु. २२१७५२.५६

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | जकको अवस्था | भुक्तानी रकम | र कर रकम |
|---|---|---|---|---|---|
| १५.०७७.३.३१ | इशा निर्माण से वा | ६०७१७१८ ८४ | हातले लेखेको | ४२०५५५ | ५४७७२.१६ |
| १६.०७७.३.३१ | इशा निर्माण से वा | ६०७१७१८८ | २हातले लेखेको | ४५४३१५ | ५९०६०.९२ |
| १७.०७७.३.३१ | इशा निर्माण से वा | ०७१७१८८४ | ३हातले लेखेको | ५०३१५० | ६५४०९.४८ |
| १०१.७६.८.३० | सिद्धार्थ इन्स्टिच्यूट | ०१८५२६०४ | १हातले लेखेको | ३२७००० | ४२५१० |
| | जम्मा | | | | २२१७५२.५६ |

५६. **मुल्य अभिबृद्धिकर र अग्रिम आयकर छुट** लुम्विन प्रदेश नदि जन्य पर्दाथ व्यवस्थापन कार्य विधि २०७५ को दफा ९ (१) वमोजिम सरकारी आय ठेक्काको वोलपत्र स्विकृति पश्चात सो को कवोल रकम र सो मा लाग्ने मु अ कर र अग्रिम आय कर असुल गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले आ.व. २०७६।०७७ मा निम्न वमोजिमको खोलाको ढुङगा गिट्टी विक्रि ठेक्काको कवोल अंकमा नियमानुसार लाग्ने १३ प्रतिशत मुल्य अभिबृद्धिकर र अग्रिम आयकर रकम रु १५१५२५०।०० असुल गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल गरी बैंक दाखिला गर्नुपर्ने रु. १५१५२५०.००

| ठेक्काको नाम | ठेकेदारको नाम | ठेक अंक | १३ प्रतिशत | १.५प्रतिशत अग्रिमआयकर | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|
| विसवा खोला | ए आर एम कन्स्ट्रक्सन | १०४५०००० | १३५८५००.०० | १५६७५०.०० | १५१५२५०.०० |
| जम्मा | | | १३५८५००.०० | १५६७५०.०० | १५१५२५०.०० |

५७. **ठेक्का सम्झौतामा सहभागी नभएको :** चिराइ खोलाको ढुगा गिट्टी विक्रीका लागी रु ७४०८८००(मु अ कर समेत) को लागत अनुमान तयार भइ २०७६।५।३ मा सूचना प्रकाशन भइ विभिन्न तिन व्यवसायिहरु सहभागी भएकोमा सवै भन्दा वढी रकम कवाल गर्ने धमनि देउरालि निर्माण सेवाको कवोल रकम रु १९००००००।०० रहेको मा उक्त निर्माण व्यवसायीको ठेक्का स्वीकृत गरी २०७६।६।१० मा सम्झौताको लागी वोलाइएकोमा उक्त व्यवसायी सम्पर्कमा नआएकोले कार्यपालिकाको २०७६।७।२१ को निर्णयले दोश्रो वढी रकम कवोल वाला दक्षीणकाली निर्माण सेवाको कवोल रकम रु ७५१००१५।०० (मु अ कर र अग्रिम आयकर समेत)मा २०७६।८।६ मा सम्झौता भइ २०७७।२।३० सम्मको म्याद रहेको देखिएकोमा रु ७५१००१५।००असुल भइ सकेको अवस्थामा निर्माण व्यवसायीले के कति परिमाणमा सामाग्री उठाइ लगेको हो सो को प्रमाण पेश भएन ।

ठेक्का प्रक्रियामा सहभागि हुने तर सम्झौता गर्न नआएका कारण पालिकालाइ रु ११४८९९८५।०० घटी राजश्व आम्दानी हुनुलाइ उचित देखीएन ।

**उपभोक्ता समिति मार्फत कार्य**

५८. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्कहरु उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५९. **लागत सहभागिता—** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भए पछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने

| | | |
|---|---|---|
| | आयोजनालाई प्राथमिकता दिनु पर्दछ । | |
| ६०. | **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम मा (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| विभिन्न | सडक निर्माण तथा मर्मत | ३१६५१६ | रोलर | प्राप्त नभएको |

हेभी इक्विपमेण्टको प्रयोग गर्न दिएवापत पालिकाले विभिन्न उपभोक्ता समितिहरु बाट यस वर्ष रु ३१६५१६।००आम्दानि गरे तापनि उक्त मेशिनको खर्च रकम प्राप्त नभएकोले सो को आम्दानि र खर्चको विश्लेषण गर्न सकिएन ।

| | | |
|---|---|---|
| ६१. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट निर्माण, सडक ग्राभेल लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गो भौ न | कामको विवरण | भुक्तानि रकम | उपभोक्ता समिति |
|---|---|---|---|
| ३६।०७६।१२।३ | नाला निर्माण | ७००००० | उ स |
| ५५।०७७।१।३० | सडक ढलान | ७८८७७४ | उ स |
| १११।०७७।३।१० | तटवन्ध निर्माण | ९८८३०४ | उ स |
| १४०।०७७।३।२५ | नाला निर्माण | १४९८५१३ | उ स |
| १५५।०७७।३।२६ | सडक निर्माण | १९५६१७२ | उ स |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | |
|---|---|---|
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ६२. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

**फाराम – १६ शिक्षक दरबन्दी र पदपूर्ति विवरण**

| विद्यालयको नाम ठेगाना | | पदपुर्ति | पदपुर्ति करार | विद्यार्थी संख्या (आ.ब.076/77) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| श्री दुधाधारी मा.वि, विजयनगर 1 गुगौली | ११ | ११ | ४ | १३२० |
| श्री भुवनेश्वरी मा.वि,विजयनगर 3 जगदीशपुर | १६ | १६ | ४ | १२८१ |
| श्री लौटन राम द्रोपदी देवी मा.वि, विजयनगर 7 गणेशपुर | ७ | ७ | २ | ६८४ |
| श्री जन जागृति मा.वि,विजयनगर 2 लोहरौला | ५ | ५ | २ | ६७० |
| श्री नेपाल तारा मा.वि, विजयनगर 2 महुवाबारी | ४ | ३ | ० | ४१३ |
| श्री शिव मा.वि,विजयनगर 5 डालपुर | ४ | ४ | २ | ६१९ |
| श्री आधारभूत विद्यालय,विजयनगर १ थरौली | ३ | ३ | ३ | ४०३ |
| श्री जनज्योति आधारभूत विद्यालय, विजयनगर 4 शंकरपुर | ५ | ५ | ३ | ३०६ |
| श्री त्रिनेत्र आधारभूत विद्यालय,विजयनगर 7 मधुनगर | २ | २ | २ | ६०३ |
| श्री जनज्योति आधारभूत विद्यालय,विजयनगर 7 मानपुर | ६ | ६ | ४ | २८८ |
| श्री रामशरण आधारभूत विद्यालय,विजयनगर 6 जुडपनिया | ३ | ३ | १ | ४०३ |
| श्री आधारभूत विद्यालय,विजयनगर 1 नेवलागंज | ६ | ६ | ५ | ४७१ |
| श्री हरिबोध आधारभूत विद्यालय,विजयनगर ६ प्रेमनगर | १ | १ | १ | ४२० |
| श्री कामना प्रा.वि,विजयनगर 1 जववैराठ | १ | १ | १ | २६८ |
| श्री जनता प्रा.वि,विजयनगर 3 पत्थरदेइया | ३ | ३ | ० | १९० |
| श्री पंचजन प्रा.वि, विजयनगर 3 महदेइया | ३ | ३ | ० | ३२४ |
| श्री प्राथमिक विद्यालय, विजयनगर 5 बघमरवा | ४ | २ | ० | १९० |
| श्री जन जागृति प्रा.वि, विजयनगर 6 बदौर | ४ | ४ | ३ | ३५४ |
| श्री प्राथमिक विद्यालय,विजयनगर 3 मयनारी | ३ | २ | ० | १७९ |
| श्री सचेतना प्रा.वि,विजयनगर 4 इमिलीखर्क | १ | १ | १ | ८५ |
| श्री अर्रा प्रा.वि,विजगनयर 1 वीरनगर | ० | ० | ० | १५३ |
| श्री शान्ती दीप प्रा.वि,विजयनगर 2 जलैंया | ० | ० | ० | १३८ |
| श्री महाकाली प्रा.वि,विजयनगर 4 बेतनी | ० | ० | ० | ७५ |
| श्री रामनारायण मो.इ. प्रा.वि,विजयनगर ४ बरगदी | ० | ० | ० | १०७ |
| श्री ज्योति बाल शिक्षा प्राथमिक विद्यालय,विजयनगर ४ ज्योतिनगर | ० | ० | ० | ९६ |
| श्री मदरसा अहिले सून्नत गरीब नवाज नैमिया, विजयनगर 2 महुवादुधार | ० | ० | ० | १८८ |
| श्री मदरसा अहिले सून्नत फैजाने मुस्तफा,विजयनगर ५ जोगिनिया | ० | ० | ० | २०६ |
| श्री अहिले सून्नत फैजे गौसिया, पिपरी | ० | ० | ० | १९३ |
| श्री मदरसा अहिले सुन्नत गौसिया प्रा.वि, दत्तपुर | ० | ० | ० | १६३ |
| श्री मदरसा अहले सून्नत नैमिया रफिकुल उलूम, पत्थरदेइया | ० | ० | ० | ९७ |
| श्री मदरसा हनफिया रजविया, पत्थरदेइया | ० | ० | ० | १०७ |
| श्री मिस्वहुल उलूम, कडियार | ० | ० | ० | ५७ |
| श्री मदरसा अहले सून्नत गुल्सनेररजा, महदेइया | ० | ० | ० | ४२ |
| श्री मदरसा अहले सून्नत कदिरिया फैजुल उलूम, बरगदवा | ० | ० | ० | २०६ |
| श्री मदरसा अहले सुन्नत फैजाने नइमिया,जलहिया | ० | ० | ० | १९१ |
| श्री मदरसा अहले सुन्नत नुरी गुगौली | ० | ० | ० | १०२ |
| **जम्मा** | ९२ | ८८ | ३८ | ११५९२.०० |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

६३. **विद्यालयगत निकासा खाताः** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ ।पालिकाले आफु मातहत संचालनमा रहेका आधारभुत तथा माध्यमिक तहका बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको चौमासिक निकासा अभिलेख, अवकाश प्राप्त शिक्षकहरुको बिवरण र तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता लगायतका

| | | |
|---|---|---|
| | अभिलेख राखेको नदेखीएकोले उक्त अभिलेखहरु तोकीएको ढाँचामा व्यवस्थित गरी राख्नु पर्दछ । | |
| ६४. | **तलबी प्रतिवेदन र शिक्षक अभिलेखः-** कार्यालयले गाउपालिका अन्तरगतका शिक्षकहरुको तलबी प्रतिवेदन हरेक वर्षकको वैशाख महिना देखि पारित गराएर खर्च लेख्नु पर्ने र विद्यालयगत शिक्षकहरुको दरबन्दी, नियुक्ति, ग्रेडवृद्धि समेतको अभिलेख राखिएको हुनु पर्दछ । तर कार्यालयले २०७६/०७७ को तलबी प्रतिवेदन पारित नै नगरि शिक्षकहरुको तलब भत्ता निकासा दिएको देखियो । यसबाट दरबन्दी, ग्रेड समेतका निकासा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित नै नगरी तलब भत्ता निकासा दिने कार्य नियन्त्रण गरिनु पर्दछ। | |
| ६५. | **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको-** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकासकेन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनु पर्ने कानूनी व्यवस्था छ । पालिकाले यस वर्ष पाठ्यपुस्तकतर्फ रु ४३९८८०२ शिक्षण शिकाईतर्फ रु१७३३१०० छात्रवृत्तीतर्फ रु २५३२४०० दिवा खाजा तर्फ रु अनुदान निकासा दिएको देखियो । विधालयहरुले सम्वन्त्रधित छात्र छात्राहरुलाइ कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार उक्त अनुदान वितरण गरे नगरेको सम्वन्धमा पालिका द्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ । | |
| ६६. | **छात्रवृत्तिः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं ७।२।१।१ EMIS मा प्रविष्ट तथ्याङ्कलाइ सम्बन्धित विद्यालबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाइ छात्रवृत्ति रकम अनुदान दिनुपर्दछ। पालिकाले अर्रा प्रा वि विरनगर लाई वितरण गर्न छात्रवृत्ति रकम रु २४४०० निकासा गरेकोमा विद्यार्थीहरुले छात्रवृत्ति बुझेको भरपाइ पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु | २४४०० |
| ६७. | **विधालय भौतिक पूर्वाधार निर्माण अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्दको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न ११.१.२.१. मा स्थानिय तह अन्तर्गत विधालय मा हुने भौतिक निर्माणका कार्यहरु स्थानिय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्य सम्पादन प्रतिवेदन तयार गराउने साथै अनुसूची ५ मा भएको चेकलिष्ट अनुसारको सामाजिक तथा वातावरणीय लेखाजोखा गराउने भन्ने व्यवस्था रहेको छ ।नगरपालीकाले यस वर्ष विधालय भौतिक पूर्वाधार निर्माण अनुदानकालागी निम्न विधालयहरुलाइ कार्यपालिकाको निर्णय अनुसार अनुदान उपलव्ध गराएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार सो को कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने । | ६४००,००० |

| सि.नं. | विधालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | हनफिया रजविया पथरदेइया विजयनगर ३ | १६००,००० |
| २ | हरिवोध आ वि विजयनगर ६ | १६००,००० |
| ३ | शान्ती दिप प्रा ली विजयनगर २ | १६००,००० |
| ४ | दुधाधारी मा वि विजयनगर १ | १६००,००० |
| | जम्मा | ६४००००० |

| | | |
|---|---|---|
| ६८. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ ।स्थानीय तहहरुले रु ३५७१४१४।०० लाखको | |

| | | |
|---|---|---|
| | औषधि ठेक्का मार्फत खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको,<br><br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६९. | **तलबी प्रतिवेदनः**- निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेखेको हुनु पर्दछ। पालिकाले यस वर्ष स्वास्थ्य सेवा तर्फ का कर्मचारीको तलवि प्रतिवेदन पारीत वेगर तलव भत्ता खर्च लेखेको देखीएकोले तलव र ग्रेड रकमको एकीन गर्न सकीएन । | |
| ७०. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३६७ जनालाई रोजगारी उपलब्ध गराई रु. ४११६७३५ खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम २० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन | |
| ७१. | रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ३८९ जनाले निवेदन दिएकामा जम्मा ३६७ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकाका ७ वडा मध्ये सबै वडामा यो कार्यक्रम संचालन भएको छ । सञ्चालित कार्यक्रममा ३६७ जनालाई दैनिक रु ५१७ को दरले ७९६२ दिन रोजगारी दिएको पाइयो | |

। यसरी सञ्चालित कार्यक्रमको नापी तथा मुल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।

**समानीकरण पूँजिगततर्फ**

७२. **परामर्श सेवा-** सार्वजनिक खरिद नियमावली,२०६४को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत नियमित जनशक्तिबाट सम्पादन हुन नसक्ने वा बढी दक्षता आवश्यक पर्ने कार्य मा परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारका परामर्श दाता लाइ परामर्श सेवाको खरिदमा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु २९९१६७ खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भए पछि लाभलागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्प्रधाको माध्यम वेगर परामर्श सेवा लिएको नियमसगत देखिएन । २९९१६७.००

| भौ.नं. मिति | कामको विवरण | परामर्श दाता | भुक्तानि रकम |
|---|---|---|---|
| ५४।०७६।७।१७ | आवधिक योजना निर्माण | चन्द्धा रिसर्च कन्सल्टेन्सी प्रा लि | ९९४४० |
| | सडकको विस्तृत आयोजना प्रतिवेदन | वर्वरा इन्जिनियरिङ कन्सल्टेन्सी | १९९७२७ |
| | **जम्मा** | | २९९१६७।०० |

७३. **कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम बाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिका वाट आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकमको विवरण उपलब्ध हुन नसकेको कारण के कति रकम कट्टी र खर्च गरीयो सो एकिन हुन सकेन ।पालिकाले योजनागत रुपमा स्पष्ट अभिलेख राखि कन्टिन्जेन्सी खर्च लाइ मितव्ययी र व्यवस्थित वनाउनु पर्दछ ।

७४. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहबाट सञ्चालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका द्वारा सञ्चालित केहि कार्यक्रममा सार्वजनिक परीक्षण गरने गरेको पाइएन । सार्वजनिक परीक्षणको अभावमा खर्चको विश्ववसनियतामा कमी हुनुका साथै आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

७५. डीपीआर खर्च – पालिका द्वारा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजना / गुरुयोजनाको डीपीआर लगायतको अध्ययन प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| सडक योजना | वरवर इन्जिनियरीङ कन्सलटेन्सि | १९९७२७.५० | १९९७२७.५० |
| खानेपानि योजना | स्काइ इन्जिनियरीङ | ८८२००० | ८८२००० |

| | | | |
|---|---|---|---|
| | कन्सलटेन्सि | | |
| सडक योजना | दिव्य दर्शन कन्स्ट्रक्सन | ९९४४०० | ९९४४०० |
| जम्माः | | २०७६१२७.५ | २०७६१२७.५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको नियमित प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

७६. **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन । यस्ता सफ्वेयरहरुलाइ उक्त विभागवाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। स्थानीय तहले यस वर्ष योजना व्यवस्थापन तथा राजश्व सम्वन्धि रु ४९१५०० र सम्पत्ति कर व्यवस्थापन सम्वन्धी रु ४९३८१० समेत सफ्टवेयर खरिद गरी रु ९८५३१० सोझै खरीद गरेको नियम सम्मत देखिएन । ९८५३१०.००

७७. **नापी किताव भन्दा वढी भुक्तानि** भौ . न ९९।०७७।२।३० ठेक्का न ७ ।०७५।७६ का निर्माण व्यवसायी रौताहा लुम्वनि सास्कृत जे. भी को तेश्रो रनिङ विलमा विभिन्न आइटमको नापि किताव भन्दा रनिङ विलमा वढि परिमाण देखाइ रु ८३९१२।२५ वढी भुक्तानि भएकोले असुल हुनु पर्ने रु ८३९१२.२५

७८. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत निम्न कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| भौ.नं. मिति | निर्माण कामको विवरण | गा पा द्धारा भुक्तानि | कामको प्रकृति |
|---|---|---|---|
| १९१।०७७।३।३१ | कलभर्ट निर्माण | १९६८००० | उपभोक्ता समिति |
| १९६।०७७।३।३१ | कलभर्ट निर्माण | १९७१६७० | उपभोक्ता समिति |
| १९८।०७७।३।३१ | तटबन्ध निर्माण | १४४७००० | उपभोक्ता समिति |
| २१२।०७७।३।३१ | तटबन्ध निर्माण | १२४५००० | उपभोक्ता समिति |
| २२०।०७७।३।३१ | कलभर्ट निर्माण | १३८५५५४ | उपभोक्ता समिति |

७९. **मालसमानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा

परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| ठे.न. | मालसामानको नाम | भुक्तानी रकम |
|---|---|---|
| ७-२०७६।०७७ | जि आइ पाइप खरीद | ५०९२७१८ |
| -२०७६।०७७ | अषौधि तथा सर्जिकल उपकरण | ९००९५० |
| २०७६।०७७ | सेनीटरी प्याड | १२४३००९।९७ |
| जम्मा | | ७२३६६७७।०० |

विधालयहरुमा अध्ययनरत किशोर अवस्थाका छात्राहरुलाइ सेनेटरी प्याड वितरण गर्न रु १२४३००९।९७ र स्वाचालित भेन्डिङ मेशिन रु ५९६६४०।०० समेत जम्मा रु १८३९६४९ मा खरीद गरेकोमा सो को वितरणको भर्पाइ पेश हुनु पर्ने रु १८३९६४९.०

**समानीकरण चालुतर्फ**

८०. **मर्मत:**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०।१ मा कार्यालय प्रमुखले जिन्सी निरिक्षण गरी मरमत गर्नु पर्ने देखिएका मालसामानहरु कार्यालय प्रमुखवाट मरमत आदेश भएपछि लागत अनुमान तयार गरी सो को आधारमा मरमत कार्य पूरा भएपछि मरमत सम्पन्न प्रतिवेदन तयार गरेर मात्र भुक्तानी दिनु पर्दछ ।गोश्वारा भौचर नं ४५४ मिति २०७७।३।३१ वाट मोटर साइकल तथा गाडी मरमत वापत रु ४६८१५०। भुक्तानी खर्च लेखेकोमा उपरोक्त वमोजिमको प्रक्रिया पूरा नगरी अनियमित खर्च लेखेको रु ४६८१५०.००

८१. **भरपाई नभएको:**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६।३ मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले गाँउपालिकाका,विभिन्न वालवालिकालाइ स्वीटर र विपन्न परिवारलाई राहत जन्य सामाग्री वितरण गर्न देहायका फर्मवाट स्वीटर र जस्तापाता खरीद गरेकोमा वितरणको भरपाई पेश गरेको देखिएन । तसर्थ वालवालिकाले स्वीटर वुझेको र गरीव विपन्न परिवार पहिचान हुने प्रमाण तथा राहत वितरण गर्ने निर्णय सहित विपन्न परिवारले सामाग्री वुझेकोभरपाई पेश हुनुपर्ने रु ८७९७३१.००

| भौ नं मिति | खरिद गरेको संस्था | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४५६।२०७३।३।३१ | हेमहरि ट्रेडर्स विजयनगर | २६गेज ११ वण्डल जस्तापाता सहित अन्य सामानहरु | १८००००। |
| ४६२।२०७७।३।३१ | न्यू सिद्वार्थ ट्रेडर्स कपिलवस्तु | २१ वण्डल जस्तापाता | १८६००९। |
| | ए टु जेड सप्लायर्स कपिलवस्तु | ५ वण्डल जस्तापाता | ४५०००। |
| २।०७६।१०।२१ | लिडाज फेशन निटवेयर प्रालि | १५४२ थान | ४६८७२२ |
| | | जम्मा | ८७९७३१ |

८२. **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,

२०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना समेत रहने हुदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न
पालिकाले ध्यान दिनुपर्दछ ।

८३. **अनुगमन भत्ताः-** भ्रमण खर्च नियममावली २०६४ को नियम २१ मा भ्रमण वा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ मा भ्रमण समाप्त भएपछि नियमानुसार दैनिक तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाको अनुगमन गरेको भनी जनप्रतिनिधी तथा कर्मचारीलाई अनुगमन खर्च वापत रु ११४५३९०।००।०० भुक्तानी गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै कुन कुन योजनाको अनुगमन गरियो सो को अभिलेख सहितको प्रतिवेदन पेश गरेको देखिएन । योजना अनुगमन गरेको मिति, योजना अनुगममनमा देखिएका समस्या र भविष्यमा गर्नु पर्ने सुधार सहितको प्रतिवेददन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन सकेन । साथै आफ्नै पालिकाको कार्यक्रम अनुगमनन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

८४. **बैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यव्था रहेको छ । उल्लेखित व्यवस्था बेगर कार्यालयले देहायका समितिहरुको वैठक वसि रु ७८२००।०० रकम बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गरि दाखिला गरिनु पर्ने रु ७८२००.००

| कर्मचारीको नाम थर | भौ.न. ६७ , ०७६।८।२० सव ईन्जिनियर र अ. सब ईन्जिनियर बैठक संख्या | भौ.न. २५९, २०७६।१२।२५ हलुका सवारी चालक | जम्मा दिन | दर | जम्मा | कर कट्टी | खुद रकम |
|---|---|---|---|---|---|---|---|
| गोविन्द भट्टराई | १० | २ | १२ | १००० | १२००० | १८०० | १०२०० |
| पवन भट्टराई | १० | | १० | १००० | १०००० | १५०० | ८५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदिप कुमार चौधरी | १० | | २ | १२ | १००० | १२००० | १८०० | १०२०० |
| वासुदेव जम्मरकट्टेल | १० | | | १० | १००० | १०००० | १५०० | ८५०० |
| खिम वहादुर सुवेदी | १० | | २ | १२ | १००० | १२००० | १८०० | १०२०० |
| पदम पोखेल | १० | | | १० | १००० | १०००० | १५०० | ८५०० |
| लक्ष्मण घिमिरे | १० | | २ | १२ | १००० | १२००० | १८०० | १०२०० |
| वाल वहादुर थापा क्षेत्री | १ | | | १ | १००० | १००० | १५० | ८५० |
| दिलिप कुमार धोवी | १ | | | १ | १००० | १००० | १५० | ८५० |
| शेर वहादुर तरामु | ५ | | | ५ | १००० | ५००० | ७५० | ४२५० |
| शकील अहमद खा | ३ | | 2 | ५ | १००० | ५००० | ७५० | ४२५० |
| सावित्रा सुनार | १ | | | १ | 1000 | १००० | १५० | ८५० |
| गिर्जा पति चौधरी | १ | | | १ | 1000 | १००० | १५० | ८५० |
| जम्मा | ८२ | | १० | ९२ | १३००० | ९२००० | १३८०० | ७८२०० |

**सामाजिक सुरक्षातर्फ**

८५. **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखीएन। पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्वन्धित वडा सचिवलाइ पेश्कि स्वरुप रकम प्रदान गरि वितरण गर्ने गरेको र उक्त पेश्कि लामो समय सम्म पनि फछ्यौट भएको नदेखिएको मा सो कारण पेश भएन ।

८६. सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको र एउटै वडा सचिव लाइ ५ वटा सम्म वडाको जिम्मेवारी दिइए वाट पालिकाको सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित र विश्वसनिय छ भन्न सक्ने अवस्था देखिएन ।

८७. मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्रास गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ । ।

८८. **अतिरीक्त भत्ता :** भौ न ३७।०७६।७।१७ मा वार्षिक वजेट तथा कार्यक्रम तयारी वापत भनी २०७६ श्रावण र भाद्र गरी २ महिनाको अतिरिक्त समय काम गरेको भनि रु ३७१५१०।०० मा १५ प्रतिशतले कट्टा गरी रु ३१५७८३।५० भुक्तानि भएकोमा सो ही समयमा कर्मचारी प्रोत्साहन भत्ता समेत लिएको देखिएकोले अतिरिक्त समय काम गरेको भनि खर्च लेखेको भत्ता एकिन गरी असुल हुनु पर्ने ३१५७८३.५३

| सि न | पद | नाम | रकम |
|---|---|---|---|
| १ | प्र .प .अ | रविन्द्र प्रसाद चौधरी | ६११८३.०० |
| २ | स .वि. अ | वासुदेव जमरकटेल | ६११८३.०० |
| ३ | लेखा. अ | खिम वहादुर सुवेदी | ६४२७९.०० |

| | | | |
|---|---|---|---|
| ४ | लेखा .अ | पदम प्रसाद पोखेल | ३०५९१.५ |
| ५ | सु. प्र .अ | लक्ष्मण घिमिरे | ३०५९१.५ |
| ६ | स .क .अ | रवि प्रताप यादव | ४५२३७.०० |
| ७ | स .क .अ | राधिका सापकोटा | २२६१८.५ |
| जम्मा | | | ३१५६८३.५ |

८९. **भत्ता वितरणको अनुगमनः** कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।

**विपद् व्यवस्थापन**

९०. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ सदस्यीय समिति गठन गरी यस वर्ष विभिन्न समयमा वैठक वसी आफ्नो क्षेत्रको विपत व्यवस्थापन सम्वन्धी कार्य गरेको उल्लेख छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

९१. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्वको तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

९२. **विपद् व्यवस्थापन कोष –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.२२००००० ।- आम्दानी भई रु. १८८७०५६२।०० खर्च गरी बाँकी रु. ३१२९४३८।- देखिन्छ । पालिकाले खर्च मध्ये राहत वितरणमा रु. ४२००४५४।००।-, क्वारेन्टाइन व्यवस्थापनमा रू. ४७५५८५६।००।-, पिपिइ, मास्क, थर्मलगन, स्यानिटाइजर , औषधि खरिदमा रु १४९७४६३८।००।लगायतमा उक्त रकम भुक्तानी खर्च लेखेको देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको प्रभावकारी सञ्चालन एव व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

| | | |
|---|---|---|
| ९३. | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९४. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| | **धरौटी फिर्ता** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२)मा कट्टा गरेको रिटेन्सन मनि आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले धरौटी वापत कट्टा गरेको रु १०८५६८८।०० कर विवरण पेश गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण वेगर विभु निर्माण सेवालाइ फिर्ता गरेकोमा सोको प्रमाण पेश हुनुपर्दछ । | १०८५६८८.०० |
| ९५. | पेश्कीः सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम लिएको पेश्की सोही नियमावली वमोजिम फर्छ्यौट गर्नु पर्दछ । आर्थिक वर्षको अन्तसम्म फर्छ्यौट नभएको देहाय वमोजिमको पेश्की नियमानुसार असुल फर्छ्यौट हुनुपर्ने रु | २९१६६५८७.०० |

९६.

| भौ नं मिति | पेश्की लिने व्यक्ति वा संस्थाको नाम | विवरण | पेश्की रकम |
|---|---|---|---|
| २२२।२०७६।११।१५ | अग्नी इन्कर्पोरेटेड प्रा लि | एम्वुलेन्स खरीद | १०४१७८७। |
| १।२०७६।४।१ | श्री कृष्ण कुमार चौधरी | कार्यालय संचालन | ३०००००। |
| ५०।२०७६।७।१७ | श्री कृष्ण प्रसाद शर्मा | महिला स्वयंसेविका अवलोकन भ्रमण | ३०००००। |
| ५०।२०७६।७।१७ | श्री कृष्ण प्रसाद शर्मा | महिला स्वयंसेविका अवलोकन भ्रमण, कृषि समूह,वाल विकास | ३०००००। |
| ५०।२०७६।७।१७ | श्री कृष्ण प्रसाद शर्मा | महिला स्वयंसेविका अवलोकन भ्रमण | ३०००००। |
| १७।२०७६।११।६ | श्री कृष्ण कुमार चौधरी | भैपरी आउने पूजीगत | ९८५०००। |
| १७।२०७६।११।६ | श्री वाल वहादुर थापा क्षेत्री | भैपरी आउने पूजीगत | ५०००००। |
| १७।२०७६।११।६ | श्री विजय प्रकाश त्रिपाठी | भैपरी आउने पूजीगत | ५००००। |
| १०।२०७७।१।१७ | श्री कृष्ण कुमार चौधरी | क्वारेन्टाइन संचालन तथा व्यवस्थापन | ४८५०००। |
| १।२०७६।४।१ | श्री प्रभु वैंक लिमिटेड | सामाजिक सुरक्षा | २११२००। |
| २।२०७६।८।५ | श्री प्रभु वैंक लिमिटेड | सामाजिक सुरक्षा | १८२०००। |

| | | | |
|---|---|---|---|
| ८।२०७६।८।२९ | श्री प्रभु वैक लिमिटेड | सामाजिक सुरक्षा | २४५५२००। |
| ८।२०७६।८।२९ | श्री प्रभु वैक लिमिटेड | सामाजिक सुरक्षा | ३५०७२००। |
| ८।२०७६।८।२९ | श्री प्रभु वैक लिमिटेड | सामाजिक सुरक्षा | ३६७४८००। |
| ८।२०७६।८।२९ | श्री प्रभु वैक लिमिटेड | सामाजिक सुरक्षा | ३५९४८००। |
| ८।२०७६।८।२९ | श्री प्रभु वैक लिमिटेड | सामाजिक सुरक्षा | २९२७६००। |
| १८।२०७६।८।२९ | श्री प्रभु वैक लिमिटेड | सामाजिक सुरक्षा | २००००। |
| ८।२०७७।३।२९ | वडा सचिव श्री राजेन्द्र प्रसाद मौर्य | सामाजिक सुरक्षा | ४१९५२००। |
| १७।२०७७।३।२९ | वडा सचिव श्री वाल वहादुर थापा | सामाजिक सुरक्षा | ४१३६८००। |
| | | **जम्मा** | **२९१६६५८७ ।** |

१७. **सम्परीक्षण व्यहोरा** :कार्यालयले वेरुजु फछ्यौट गरी सम्मपरीक्षणका लागी अनुरोध गरे अनुसार देहाय वमोजिम वेरुजु सम्परीक्षण गरीएको छ ।

| दफा | वेरुजुको व्यहोरा | अनुरोध रकम | फर्छ्यौटरकम | सम्परीक्षण |
|---|---|---|---|---|
| ४१ | सहायक चौथो श्री कमल महत दोहोरो अतिरिक्त भत्ता | ९४२२।२५ | ९४२२।२५ | दाखिला भएको |
| ४१ | सहायक पाचौ श्री बोधराज भुसाल दोहोरो अतिरिक्त भत्ता | ९९८७।५० | ९९८७।५० | दाखिला भएको |
| ४१ | सू प्र अ श्री लक्ष्मण घिमिरे दोहोरो अतिरिक्त भत्ता | १२९६३।५० | १२९६३।५० | दाखिला भएको |
| ४१ | का स श्री डिल व चौधरी दोहोरो अतिरिक्त भत्ता | ६८९७।७५ | ६८९७।७५ | दाखिला भएको |
| ४१ | गिर्जापति चौधरी दोहोरो अतिरिक्त भत्ता | ६८९७।७५ | ६८९७।७५ | दाखिला भएको |
| ४१ | स क अ श्री राधिका सापकोटा दोहोरो अतिरिक्त भत्ता | ९४२२।२५ | ९४२२।२५ | दाखिला भएको |
| ५१ | हे अ श्री विजय चौधरी उपस्थिति वेगरको भत्ता | ११९०। | ११९०। | दाखिला भएको |
| ५१ | हे अ श्री विरेन्द्र कुमार चौधरी दोहोरो अतिरिक्त भत्ता | ११९०। | ११९०। | दाखिला भएको |
| ३६ | स क अ श्री रवि प्रताप यादव दोहोरो भत्ता | ३०००। | ३०००। | दाखिला भएको |
| ४१ | स क अ श्री रवि प्रताप यादव दोहोरो अतिरिक्त भत्ता | ९४२२।२५ | ९४२२।२५ | दाखिला भएको |
| ६३ | वा स श्री अर्जुन कुमार वेल्वासे | ४८९६। | ४८९६। | दाखिला भएको |
| ४१ | का स श्री राम शंकर खटिक | ६८९७।७५ | ६८९७।७ | दाखिला भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | ५ | |
| ३६ | ना सु श्री सुवासचन्द्र वरइ | ३९९८७।५० | ३९९८७।५० | दाखिला भएको |
| ३६ ४१ | प्र प्र अ श्री रविन्द्र प्रसाद चौधरी | १८९६२।५० | १८९६२।५० | दाखिला भएको |
| | **जम्मा** | १४११३७। | १४११३७। | |

१८. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ६४३८५६०५।२३ | ० | ६४३८५६०५।२३ |

**अद्यावधिक वेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६४३८५६०५।२३ | १४११३७।०० | ५२६७३४५८।३८ | 0.00 | **११६९१७९२६।६१** |

## कोभिड १९ तर्फ

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | बार्षिक प्रतिवेदन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ । | |
| २. | प्रकोप व्यवस्थापन सम्वन्धमा : पालिकाको प्रकोप व्यवस्थापन समितिको वैठक र सो का निर्णयहरु लेखापरीक्षणमा पेश हुन नआएकोले उक्त समिति वाट भए गरेका निर्णय ,प्रकोप व्यवस्थापनका लागी भएका प्रयास ,राहत वितरणका मापदण्ड ,राहतका लागी छनौट गरीएका परीवार र व्यक्तिको पहिचानका साथै सामग्री खरीदको विधि ,सो को दर र गुणस्तर समवन्धमा विश्वस्त हुन सकिएन । | |
| ३. | कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कायार्लयले यस वर्ष रू. २२००००००।०० आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू. १८८७०५६२।०० खर्च भएको देखएको छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ । | |

| बजेट/आम्दानीको स्रोत | २०७७ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च |
|---|---|---|---|
| संघीय अनुदान बाट | ३४६३४००।०० | राहात वितरण | ४२००४५४।०० |
| प्रदेश अनुदान बाट | १००००००।०० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ४७५५८५६।०० |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १३४२६०००।०० | आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ७०७३५२।०० |
| विभिन्न सघ सस्थावाट | १००५६९७।३२ | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ६२६११९६।०० |
| जनप्रतिनिधि ,शिक्षक, कर्मचारीको तलब | | अन्य शीर्षकमा भएको खर्च | २९४५७०४।०० |
| अन्य स्रोतबाट प्राप्त | ३१०४९०२।६८ | वजेट वाकी | ३१२९४३८।०० |
| **जम्मा** | २२००००००।०० | | २२००००००।०० |

४. **जोखिम भत्ता :** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले कोभिड-१९ महामारी नियन्त्रणमा अग्रपंतिमा खटेका विभिन्न स्वास्थ्यकर्मी,समेत अन्य प्राबिधिक र प्रशासनिक कर्मचारीलाई जोखिम भत्ता वापत रू. २१०७३७५।०० यस वर्ष भुक्तानि वाकी राखि दायीत्व सिर्जना गरेको छ ।

५. **क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापनः** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरुको व्यवस्थापनको लागि विभिन्न ११ स्थानमा क्वारेन्टाइन तथा होल्डिङ सेन्टर तयार गरेकोमा १७५७ जना क्वारेन्टाइनमा बस्ने मानिसहरुको संख्या रहेको देखिन्छ।क्वारेन्टाइनमा बस्ने मानिसहरुको खाना र व्यवस्थापनको लागि क्वारेन्टाइन स्थलको पायक पर्ने स्कुल हरुमा व्यवस्थापन गरे पनि सामाग्री खरीदको दररेट माग गरेको देखीएन। पालिकाले यस वर्ष ११ वटा उक्त केन्द्रको निर्माण र क्वारिन्टाइनमा रहेका व्यक्तिहरुको लागी रु ५८६२१३७।०० खर्च गरेकोमा उक्त खर्चलाइ मितव्ययी रुपमा खर्च गरेको भनि विश्वस्त हुन सकिएन ।

६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा सर्जिकल माक्स रु. १०० देखि रु. ५२० सम्ममा खरिद भएको देखिन्छ । न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।

७. कोभिड-१९ केश इन्भेष्टिगेसन तथा कन्ट्याक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन गर्न ३ सदस्यीय टोली गठन गरी देहाय बमोजिमको कार्य गरेको देखिन्छ ।

| स्थानियतहको नाम | टीमको सदस्य संख्या | खर्च रकम | केश अनुसन्धान संख्या | कन्ट्याक्टमाआएकाव्यक्तिहरुकोपहीचान संख्या | सामान्य परामर्श, फलोअप तथा रेफर संख्या | नमूना संकलन वा द्रुत परिक्षण संख्या |
|---|---|---|---|---|---|---|
| विजयनगर गा पा क्षेत्र | ३ | | ११० | २० | १२५० | नमुना= PCR=११० |

८. राहात सामग्रीको खरिद र वितरणको परिमाणः कार्यालयले देहाय अनुसार राहत समग्री रु. ४१९८२३३।०० मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ ।

| राहत सामग्री | ईकाइ | खरिद परिमाण | प्रति इकाइ दर | वितरण परिमाण | राहात पाउने परिवार संख्या |
|---|---|---|---|---|---|
| चामल | के जी | ५१३३० | ४२–४७ | ५१३३० | ३२०६ |
| दाल | के जी | ६९०० | ७७–८० | ६९०० | |
| नुन | के जी | २६२४ | २०–२५ | २६२४ | |
| तेल | लिटर | ३५२४ | १६२–१६५ | ३५२४ | |

९. पालिकाले ७ वटा वडाका ३२०६ परिवारलाइ दाल चामल नुन तेल लगायत खाद्यन्न वितरण गरेको देखिन्छ ।राहत सामग्री खरिद गर्दा विभिन्न वडाहरुमा फरक फरक दरमा राहात सामग्री खरिद गरि वितरण गरेकोबाट एउटै पालिकामा पनि खरिद मूल्यमा एक रूपता रहेको पाइएन ।